

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कन्र्सन

रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २७३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ कार्तिक ४ गते आइतबार ❑ 20 Oct. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## रास्वपाका सभापति लामिछाने पक्राउ परेको बिरोधमा प्रर्दशन

**पोखरापत्र संवाददाता**

पोखरा, ३ कार्तिक

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले शनिबार पोखरामा बिरोध प्रर्दशन गरेको छ । पार्टी सभापति रवि लामिछानेलाई प्रहरीले पक्राउ गरेको बिरोधमा रास्वपाले पोखराको चिप्लेढुंङ्गामा बिरोध प्रर्दशन गरेको हो ।

पार्टीका नेता तथा कार्यकर्ताले राजनीतिक प्रतिसोचका आधारमा रविलाई फसाउने षडयन्त्र गर्दै केपी शर्मा ओली नेतृत्वको सरकारले रविलाई पक्राउ गरेको आरोप लगाउनु भयो । रास्वपाका नेता तथा कार्यकर्ताहरुले धनराज गुरुङ, ऋषिकेश पोखरेल लगायतलाई सरकारले जोगाउन खोजेको आरोप लगाउदै गुरुङ र पोखरेलको फोटोसहित प्रदर्शनमा उत्रिनु भएको थियो । सहकारी घोटलामा आफ्ना नेता कार्यकर्ता जोगाउन सरकारले रविलाई पक्राउ गरेको रास्वपाका नेताहरुको आरोप छ ।

जिल्ला अदालत कास्कीले रवी सहित १४ जनाविरुद्ध विहिबार पक्राउ पूर्जी जारी गरेको थियो । रवि विरुद्ध जिल्ला प्रहरी कार्यालय कास्कीले संगठित अपराध र सहकारी ठगीमा मुद्दा चलाउने भएको छ । रास्वपाका नेता तथा कार्यकर्ताले सरकार र प्रधानमन्त्री विरुद्ध पनि नाराबाजी गर्नु भएको थियो । रवि लामिछानेलाई पोखरामा ल्याउने



भएपछि विहिबार साँझ देखि पोखराका चोक चोकमा सुरक्षाकर्मीको बाक्लो उपस्थिती रहेको थियो ।

प्रतिशोधको राजनीति बन्द गर, नडराउ रवि दाइ जनता तिम्रो साथमा छ, रवि दाई हाई हाई लगायतका नारा लगाएका थिए । उक्त कार्यक्रम हुदा सो क्षेत्रमा सडकमा सवारी साधन संचालनमा अबरोध गरिएको थियो । सहकारी पिडितहरुले शुक्रबार आन्दोलन गर्ने तयारी गरे पनि कास्की प्रशासनले न्यायलयमा पुगेको बिषयमा अनावश्यक आन्दोलन नगर्न आग्रह गरेका कारण दुई दिनसम्म पर्ख र हेरको अबस्थामा रहने सहकारी पिडितहरुले बताउनु भएको छ । कास्की सहकारी बचत पीडित संघर्ष समितिका संयोजक किरण श्रेष्ठले कास्की प्रशासन सहित कास्कीका सुरक्षा निकायका प्रमुखहरुले रवि पक्राउ परेको बिषयमा मुद्धा प्रकृया अघि बढेकोले केही दिन आन्दोलन नगर्न आग्रह गरे अनुरुप दुई दिन पर्ख र हेरेको अबस्थामा रहने जनाउनु भयो । आफुहरुले सहकारीमा गरेको बचत रकम अब फिर्ता हुने झिनो आश लागेको उहाँले जनाउनु भयो । रविलाई पक्राउ पर्नुले आफुहरुलाई सहकारीको बचत रकम फिर्ता हुनेमा विश्वास लागेको पिडितहरुको भनाई छ । पक्राउ पर्नु भएको रविलाई अन्य थुनुवाहलाई राखे सरी राखिएको जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी डिएसपी वसन्त कुमार शर्माले बताउनु भयो । रवि आफैले आफ्नो कारणले प्रहरी प्रशासनलाई कुनै अप्ठेरो नपर्ने गरी सामान्य व्यवहार गर्न प्रहरी समक्ष आग्रह गरेको समेत शर्माले जनाउनु भयो । शनिबार सार्वजनिक बिदा भएकोले गर्दा आइतबार रविको बयान पछि अदालतमा लैजाने प्रहरीले जनाएको छ ।

बनस्थलीस्थित पार्टी केन्द्रीय कार्यालयबाटै शुक्रबार साँझ प्रहरीले पूर्व उपप्रधान एवं गृहमन्त्री समेत रहनु भएको लामिछानेलाई सहकारीको रकम अपचलन गरेको आरोपमा नियन्त्रण लिई शनिबार बिहान करिब २:४५ बजे स्थल मार्ग हुदै पोखरा ल्याईएको हो । सूर्यदर्शन सहकारीको संस्थापक अध्यक्ष गीतेन्द्रबावु (जीबी) राईसँग मिलेर लामिछानेले गोर्खा मिडिया नेटवर्कमा रकम ल्याएर अपचलन गरेको मुद्दा जिल्ला प्रहरी कार्यालय कास्कीले अनुसन्धान गरिरहेको छ । सूर्यदर्शन सहकारीमा १८ हजार ७ सय जनाले बचत गर्न राखेको १ अर्ब ३५ करोड ५३ लाख रुपैया अपचलन गरेको मुद्धा अहिले अदालतमा विचाराधीन छ । उक्त अपचलनका मुख्य योजनाकार मानिएका जिबी राई फरार हुनु भएको छ ।

लामिछाने सेयर सदस्य एवं प्रमुख कार्यकारी अधिकृत रहदा सुर्यदर्शनसहित देशका विभिन्न सहकारीबाट करिब ६५ करोड रुपैया गैरकानुनी रुपमा टेलिभिजनमा लगानी गरेको संसदीय छानविन समितिले निष्कर्ष निकालेको थियो। उक्त रकम टेलिभिजनका तत्कालीन प्रमुख कार्यकारी अधिकृत लामिछाने मार्फत खर्च भएको पनि प्रतिवेदनमा उल्लेख गरिएको छ । रविलाई स्थल मार्ग हुदै पोखरा ल्याउदा सडकका विभिन्न ठाँउमा रास्वपाका नेता तथा कार्यकर्ताले बिरोध प्रर्दशन गर्नु भएको थियो ।

## रवि निर्दोष भए फसाउन हुदैन, दोषी भए उम्कन हुदैनः डा.भट्टराई

**पोखरापत्र संवाददाता**

पोखरा, ३ कार्तिक

नेपाल समाजबादी पार्टी महाधिवेशन आयोजक समितिका संयोजक एवं पूर्व प्रधानमन्त्री डा.बाबुराम भट्टराईले रास्वपाका सभापति रवि लामिछाने पक्राउ परेको बिषयमा निर्दोष भए फसाउन नहुने र दोषी ठहर गरे उम्कन नहुने बताउनु भएको छ ।

नेपाल समाजबादी पार्टीले शनिबार पोखरामा आयोजना गरेको विधान महाधिवेशनको तयारीको बारेमा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा उक्त कुरा बताउनु भएको हो । रविको बिषयमा राम्रो होस भन्ने कामना गर्दै संयोजक डा. भट्टराईले सत्यता नभए पनि न्यायलयलाई रवि आफैले सघाउछु भन्नुले उहाँ प्रति सहानुभूति समेत व्यक्त गर्नु भएको छ । उहाँले भन्नु भयो "लोकतन्त्र भनेको विधिको शासन हो, पारदर्शीता हुनु पर्छ, विधिको शासन हुनु पर्छ, ठुलो सानो जो कसैलाई पनि अन्याय गर्न हुदैन, निर्दोष भए फसाउन हुदैन तर कोही दोषी छ भने जतिसुकै ठुलो र बलियो भए पनि उम्कन हुदैन् ।" अदालतमा पुगेको बिषय भएकोले रवि लामिछानेको बिषयमा धेरै वोल्न नहुने उहाँले तर्क गर्नु भयो ।

माओबादी केन्द्रका अध्यक्ष पुष्पकमाल दाहाल प्रचण्डले अप्ठ्रो पर्दा सम्झने तर पछि बिसर्ने समस्या रहेकोले गर्दा




माओबादीसंगको सम्बन्ध राम्रो हुन नसकेको उहाँले जनाउनु भयो । वैकल्पिक राजनीतिक अभियानमै आफुहरु कटिबद्ध भएर लागेको संयोजक डा.भट्टराईले बताउनुभयो। देशमा आर्थिक आधार पछि परेकोले त्यसलाई अघि बढाउन पार्टीले चाहेको उहाँको भनाई थियो । समता मुलक तिव्र समृद्धिलाई मुख्य रुपमा अघि बढाउनु पर्ने अहिलेको अबस्था रहेको संयोजक डा. भट्टराईको भनाई थियो ।

देशमा रहेको भ्रष्टचार र अनियमिततालाई रोक्न र देशलाई सुशासनको बाटोमा लैजानको लागि बलियो शक्तिशाली जनपाल संस्थाको स्थापना अनिवार्य रहेको उहाँको भनाई रहेको छ । अन्यथा सत्तामा हुदा अर्कोलाई दोषी देखाउने पटक पटक सरकार परिवर्तन हुने लगायतका समस्या निम्तिनु नेपालको प्रमुख समस्या भएको संयोजक डा. भट्टराईको बुझाई छ । पार्टीको अधिवेशन पछि सडक, सदन र सरकारलाई प्रयोग गरी तीन तहमा शक्ति केन्द्रिकृत गरी शक्ति सहकार्य गरी नेतृत्व गर्ने पार्टीको योजना रहेको उहाँको भनाई थियो ।

यही कार्तिक ५ र ६ गते पर्यटनको राजधानि पोखरामा पार्टीको बिधान अधिवेन हुने जसमा ४ सय भन्दा बढी देशभरबाट प्रतिनिधिहरु सहभागी हुने बताइएको छ। वैकल्पिक राजनीतिक शक्ति निमार्णको औचित्य र वैचारिक आधार, वैकल्पिक शक्तिको मूल वैचारिक-राजनीतिक प्रतिवद्धता, वैकल्पिक शक्तिको संगठनात्मक सिद्धान्त र प्रतिवद्धताहरु, आर्थिक विकास तथा समृद्धिको अवधारणा, लक्ष्य र नीतिहरु, लोकतन्त्रको समृद्धीकरण, सुशासन, सुरक्षा तथा अन्तर्राष्ट्रिय सम्बन्ध र नयाँ वैकल्पिक शक्ति निर्माण र समुन्नत समाजवादको अपरिहार्यता लगायतका बिषय सूचि अधिवेशनमा छलफल हुने भएको पार्टीले जनाएको छ ।

## आठ हजार मिटरभन्दा माथिका १४ हिमाल आरोही गुरुङलाई सम्मान

**पोखरापत्र संवाददाता**

पोखरा, ३ कार्तिक

आठ हजार मिटरभन्दा बढी उचाइका १४ वटा हिमाल सफल आरोहण गर्नुभएका आरोही तेजन गुरुङलाई गुरुङ पर्यटन व्यवसायी सङ्घ (जिटिन) गण्डकी प्रदेशले शनिबार पोखरामा सम्मान गरेको छ ।

उद्योग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेशको समन्वय र नेपाल पर्यटन बोर्डको प्रवर्द्धनमा आयोजित एक कार्यक्रमबीच गण्डकी प्रदेशका उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्याल, जिटिन गण्डकीका अध्यक्ष किसमकुमारी गुरुङ, कार्यक्रम संयोजक एवं जिटिन गण्डकीका संस्थापक अध्यक्ष बोबरजङ्ग गुरुङलगायतले संयुक्त रूपमा आरोही गुरुङलाई सम्मान गर्नुभएको हो । कार्यक्रममा मन्त्री बस्यालले गण्डकी प्रदेश पर्वतीय पर्यटनका धेरै सम्भावना बोकेको प्रदेश भएको बताउँदै यसको



प्रवर्द्धन र विकासमा सबैको सामूहिक प्रयास आवश्यक हुने बताउनुभयो । कार्यक्रम संयोजक एवं जिटिन गण्डकी प्रदेशका संस्थापक अध्यक्ष बोबरजङ्ग गुरुङले तेजनले गर्नुभएको १४ वटा हिमालको आरोहण गण्डकी प्रदेशको मात्र नभई समग्र राष्ट्रको गौरव भएको बताउनुभयो ।

गण्डकी पदयात्रा र पर्वतीय पर्यटनमा धेरै सम्भावनायुक्त प्रदेश भएको बताउँदै उहाँले अन्नपूर्ण चक्रीय पदमार्ग २१ दिनबाट छोटिएर पाँच/छ दिनमा सीमित भएको वास्तविकतामा जिटिन गण्डकी प्रदेशले हालै कास्कीको ताङतिङदेखि मनाङको तिमाङसम्मको गुरुङ सम्पदा पदमार्गको प्रवर्द्धन गरेको जानकारी गराउनुभयो । चार दिनदेखि १४ दिन समयावधिको गुरुङ सम्पदा पदमार्गलाई अन्नपूर्ण चक्रीय पदमार्गसँग जोड्न सकिने उहाँले बताउनुभयो ।

जिटिन गण्डकी प्रदेशका अध्यक्ष किसमकुमारी गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा जिटिन गण्डकीका महासचिव तुल गुरुङ, सम्मानित व्यक्तित्व तेजन गुरुङ, नेपाल पर्यटन बोर्डका पूर्वकार्यकारी सदस्य गणेशबहादुर भट्टराई, पोखरा पर्यटन परिषद्का उपाध्यक्ष चौबहादुर गुरुङ, नेपाल पर्यटन बोर्डका वरिष्ठ अधिकृत कुन्दन मिश्र, पोखरा उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष बलराम आचार्यलगायतले नेपालको पर्वतीय पर्यटनका सम्भावनाको खोजी गर्नुपर्नेमा जोड दिनुभयो ।

क ा य ि त्र ़ म अ ि घ आरोही गुरुङलाई पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट पृथ्वीचोक, हल्लनचोक हुँदै कार्यक्रमस्थलसम्म बाजागाजाका साथ नगर परिक्रमा गराइएको थियो । गुरुङले विभिन्न मितिमा आठ हजार मिटरभन्दा बढी उचाइका सगरमाथा, ल्होत्से, अन्नपूर्ण, मकालु, कन्चनजङ्घा, नाङ्गा पर्वत, जी टू, जी वान, बोर्ड पिक, के टू, मनास्लु, धौलागिरि, चोयु, शिसापन्ज्म हिमालहरू आरोहण गर्नुभएको थियो । कार्यक्रममा अर्का आरोही मिङ्मा शेर्पालाई पनि सम्मान गरिएको थियो ।

## असोजमा साढे ३० हजार पर्यटकले अन्नपूर्ण क्षेत्र घुमे

**पोखरापत्र संवाददाता**

पोखरा, ३ कार्तिक

गत असोज महिनामा ३० हजार सात सय ३२ जना विदेशी पर्यटकले अन्नपूर्ण संरक्षण क्षेत्रको भ्रमण गरेका छन् । पदयात्राका लागि प्रख्यात उक्त क्षेत्रमा असोज महिनाभर दक्षिण एसियाली मुलुकका ११ हजार नौ सय ८५ र अन्य मुलुकका १८ हजार सात सय ४७ पर्यटक भित्रिएका हुन् । असोजयता पर्यटकको आउजाउ बढेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)का प्रमुख डा रबिन कडरियाले बताउनुभयो ।

उहाँका अनुसार गत भदौमा 'सार्क' क्षेत्रका सात हजार तीन सय ६९ र अन्य देशका पाँच हजार नौ सय एकजना गरी जम्मा १३ हजार दुई सय ७० पर्यटकले त्यस क्षेत्रको भ्रमण गरेका थिए । असोजदेखि मङ्सिरसम्म मुख्य पर्यटकीययाम रहेकाले यस अवधिमा पर्यटकको सङ्ख्या थप बढ्ने आयोजना प्रमुख डा कडरियाको भनाइ छ । पदयात्राका लागि पनि यो याम उत्तम मानिने हुँदा अन्नपूर्ण चक्रीय पदमार्गमा आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल देखिएको उहाँले बताउनुभयो ।

'एक्याप'ले सडकमार्ग र पदयात्रामार्फत अन्नपूर्ण क्षेत्रका विभिन्न गन्तव्यस्थलमा पुग्ने विदेशी


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# हेमजाको खेल पर्यटन प्रवर्द्धन गर्न बिच एण्ड फिस फेस्टिवल हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ३ कार्तिक

पोखरा महानगरपालिका वडा नम्बर २५ मा रहेको आर.एस.बिच क्लबको आयोजनामा बिच एण्ड फिस फेस्टिभल २०८१ हुने भएको छ । शनिबार आर.एस.बिच क्लबको खेल मैदानमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा उक्त कुरा जानकारी गराइएको हो ।

उक्त फेष्टिवल अर्न्तगत विभिन्न खेलकुद प्रतियोगिताहरु हुने भएको आर.एस.बिच क्लबका अध्यक्ष रमेश कार्कीले बताउनु भयो । पोखरा २५ हेमजा क्षेत्र ऐतिहासिक महत्व बोकेको अम्मट गुफा लगायतका ऐतिहासिक धरोहरहरुको प्रचार प्रसारको अभावले प्रवद्धन हुन नसकेकोले उक्त स्थानहरुको प्रचार प्रसार गर्ने उद्धेश्यले फेस्टिभल आयोजना हुने भएको उहाँले जनाउनु भयो । कार्तिक ९ गते देखि सुरु हुने उक्त फेस्टिभलमा बल्छि हान्ने प्रतियोगिता, फ्रि स्टाइल फुटबल प्रतियोगिता, घोडा दौड प्रतियोगिता,साईक्लिङ प्रतियोगिता, फाइभ ए साइड फुटबल प्रतियोगिता खेलहरु हुने भएको कार्कीले जनाउनु भयो । प्रतियोगितालाई भव्य र आर्कषण बनाउनको लागि नेपालका पूर्व राष्ट्रिय चर्चित फुटबल खेलाडी हरि खड्कालाई फ्रि स्टाइल फुटबलको निर्णायकमा राखिएको छ भने अन्य दुई जना हुने क्लवले जनाएको छ ।

यही कार्तिक ९ गते देखि सुरु हुने फाइभ ए साईड फुटबल प्रतियोगितामा प्रथम हुनेले ५० हजार र दोश्रो हुनेले २५ हजार नगद प्राप्त गर्ने छन । प्रतियोगितमा सर्वोत्कृष्ट खेलाडी,उत्कृष्ट गोलकिपर,उत्कृष्ट डिफेन्डर र हाईस्कोररलाई पुरस्कारको व्यवस्था गरिएको छ । फिस फेष्टिवल भने केही समय पछि मिति घोषणा गरिने भएको छ । केही समय अघि टुर दी हेमजा भन्ने नारा सहित साइकल र्‍याली भएको स्थानिय शंकर थापाले बताउनु भयो ।

फुटबल प्रतियोगिताका लागि एन्फामा आबद्ध क्लबहरु तथा वडाको सिफारिसमा मात्र भाग लिन पाउने छन । पोखरा २५ का कार्यवाहक अध्यक्ष धना कुमारी तिमिल्सिना पोखरेलले पर्यटन प्रबर्द्धनमा यस्ता कार्यक्रमले मद्धत पुग्ने बताउँदै आफ्नो वडाले कार्यक्रमलाई सक्दो सहयोग गर्ने वचन दिनु भयो । सो फेस्टिभलमा फ्रि स्टाईल फुटबल प्रतियोगितामा प्रथमलाई १० हजार बराबरको बन्जी प्याकेज र द्धितियलाई ५ हजार नगद, घोडा दौड प्रतियोगिता प्रथमलाई २० हजार र द्धितियलाई १० हजार नगद र बल्छि हान्ने प्रतियोगितामा प्रथम र द्धितिय हुनेलाई पनि आर्कषक पुरस्कारको व्यवस्था गरेको आयोजकले जनाएको छ । कार्यक्रममा नेपाल पत्रकार महासंघ गण्डकीका महासचिव गोविन्द सुवेदी,नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दिननाथ बराल,बिष्णु पादुका क्लबका अध्यक्ष सुबिन श्रेष्ठ, लायन्स क्लब पिस सोसाईटीका प्रतिनिधि नेत्र तिमिल्सिना लगायतको उपस्थिति रहेको थियो । यसैबिच, आयोजक र नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी बिच मैत्रीपूर्ण फाइभ ए साइड फुटबल आयोजना भएको थियो । पत्रकार र आयोजकको २/२ टिम बिच खेल भएको हो । पहिलो खेलमा पत्रकारको टोली ४–२ ले पराजित भयो भने अर्को खेलमा ५–३ ले पराजित भयो । पहिलो खेलमा पत्रकारको तर्फबाट निराजन अधिकारी र गोविन्द सुवेदीको पासमा दीननाथ बरालले गोल गरे । पाएका अवसर सदुपयोग गर्न नसक्दा पत्रकारको दुबै टिम पराजित भएको हो ।

# हिमालय क्लवका नवनिर्वाचित अध्यक्ष थापालाई सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, ३ कार्तिक



हिमालय क्लव, बाटुलेचौरका नवनिर्वाचित अध्यक्ष मोहन वहादुर थापा सम्मानित भएका छन् ।

मानव अधिकारको लागी एकल महिला समुह, पोखरा १६ ले शनिबार एक कार्यक्रमका बीच अध्यक्ष थापालाई सम्मान गरेको हो । पोखराकै अग्रणी सामाजिक संस्था हिमालय क्लवको अध्यक्षमा निर्वाचित भएको भन्दै समुहका अध्यक्ष दुर्गा केसी थापा, सचिव कोपिला खतिवडा, वयोवृद्ध एकल महिला गीतादेवी तिमिल्सिनाले सम्मान गरे ।

कार्यक्रममा बोल्दै अध्यक्ष थापाले समाज रूपान्तरणमा एकल महिलाको भुमिका उल्लेखनीय रहेको बताए । उनले यस्ता सामाजिक संस्थाहरूसँग सहकार्य गरी अगाडी बढ्न क्लव तयार रहेको समेत वताए । समुहका अध्यक्ष दुर्गा केसी थापाले एकल महिलाको सामाजिक अधिकार सुनिश्चित गर्न क्लवको भुमिका महत्वपुर्ण रहेको बताईन् । समुहका कानुनी सल्लाह दिलबहादुर बस्नेतले नवनिर्वाचित कार्यसमितिलाई बधाई ज्ञापन गरे ।

# कमलपोखरी सहकारीको १६ औ साधारण सभा

**पोखरापत्र संवाददाता**
पोखरा, ३ कार्तिक



पोखरा महानगरपालिका वडा १३ बाँझापाटन स्थित कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लि. को १६ औ साधारणसभा शनिवार सम्पन्न भयो ।

पुर्व अध्यक्ष एवं सल्लहकार प्रा.तारा बरालले कार्यक्रमको उद्घाटन गर्दै हरेक संस्था अगाडि बढ्नको लागि सकारात्मक सोच लिएर अगाडि बढनु पर्ने धारणा राखे । कार्यक्रममा शेयर सदस्यका छोराछोरीहरुवाट एसईई, दश जोड दुई, स्नताक तह र स्तातकोतर तहमा राम्रो अंक ल्याउने बाबु नानीहरुलाई उच्च शिक्षा बाट सम्मान गरिएको शिक्षा उपसमितिका संयोजक गोविन्द गौतमले वताए । कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष माधव प्रसाद आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा सहकारीका सात सिद्धांत शान्ति देवी केसीले वाचन गरेकी थिइन् । प्राइम कमर्सियल बैक लिमिटेड गण्डकी प्रदेशका प्रमुख बुद्धिराज बरालले सहकारीमा आर्थिक मन्दी भएको अवस्थामा सुरक्षीत रहन अनुरोध गरे । सम्मानितको तर्फवाट विज्ञान तिमिल्सिनाले जीवनमा भएको प्रगति देखेर खुशी भने घर हो त्यही कमलपोखरीले घरले आज सम्झेर वोलाएकोमा हृदयदेखी खुशी व्यक्त गरे । १६ औ साधारण सभामा सहकारीका संस्थापक अध्यक्ष एवं सल्लाहकार कृष्णप्रसाद भण्डारी, सयपत्री बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष टिका वहादुर कार्की, बिजय बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष इन्द्रराज वराल, काहुँखोला महिला बहुउद्देश्यीय सहकारी कि अध्यक्ष रमा कार्की, कमलपोखरी सहकारीका संचालक समितिका पूर्व सदस्य मधु बाँस्तोला लगायत वोलेको कार्यक्रममा उपाध्यक्ष ईन्द्र वहादुर कुंवरले स्वागत र सचिव कृष्ण बहादुर क्षेत्री(कुमार)ले संचालन गरेका थिए । सहकारीका अध्यक्ष माधवप्रसाद आचार्यको प्रतिवेदन, सचिवको प्रतिवेदन र कोषाध्यक्षको प्रतिवेदन सर्वसम्मत पारित भएको थियो ।

# स्वास्थ्य सुधारका सय कार्यक्रम योजनाबद्ध रुपमा अघि बढिसकेको छ- मन्त्री पाठक

**पोखरापत्र संवाददाता**
लमजुङ, ३ कार्तिक



गण्डकी प्रदेशका स्वास्थ्य मन्त्री कृष्णप्रसाद पाठकले गण्डकी प्रदेशमा स्वास्थ्य क्षेत्रको सुधारका लागि एक सय कार्यक्रम योजनाबद्ध रुपमा अघि बढाइएको बताएका छन् ।

अल्पकाल, मध्यकाल र दीर्घकाल गरी तीन समयमा वर्गीकरण गरी कार्यक्रम अघि सारेको भन्दै उनले ६ महिनाभित्र, २ वर्षभित्र र ५ वर्षभित्र सम्पन्न हुने गरी योजना बनाइएको उल्लेख गरे । पत्रकार सम्मेलन गरेर नै कार्यक्रमबारे जानकारी दिइसकेको उल्लेख गर्दै अब कुरा नभई काम गरेर देखाउने प्रतिबद्धता पनि व्यक्त गरे । प्रदेश सरकार मातहतको लमजुङ जिल्ला अस्पतालको दोस्रो वार्षिकोत्सव समारोहका प्रमुख अतिथि मन्त्री पाठकले लमजुङ जिल्ला अस्पताल प्रदेशको महत्वपूर्ण अस्पताल बताए । उनले यो पायक पर्ने अस्पताल भएकाले सेवाग्राहीको संख्या उल्लेख्य रहेको जनाए । लमजुङ अस्पतालको स्तरोन्नतिका काम अब अघि बढिहाल्ने पनि उनले जानकारी दिए । 'आधुनिक भवन निर्माण हुँदैछ । अब टेण्डर प्रक्रियामा जान्छ । विशेषज्ञसहितका सिटी स्क्यान लगायत अत्यावश्यक उपकरण सेवा अस्पतालमा जोडिनेछन् ।' - पाठकले भने । स्वास्थ्य सेवाका लागि भवन, उपकरण र जनशक्ति आवश्यक पर्नेमा प्रदेश अन्तर्गतका विभिन्न जिल्लामा सबैको तारतम्य मिल्न नसक्दा कहीँ केही नमिलेको जस्तो अवस्था आएको भन्दै मन्त्री पाठकले यस समस्यालाई समाधान गर्ने गरी प्रदेश सरकार अघि बढेको बताए । '९८ प्रकारका औषधि निःशुल्क भनिएपनि औषधि पाइएको छैन, स्वास्थ्य बीमामा समस्या छ । साना साना कुराले नागरिकले सास्ती पाएका छन् । संघ सरकारसँग समन्वय गरेर यसलाई समाधान गर्न लागिपरेको छु ।' उनले भने । स्वास्थ्यकर्मीको समस्याबारे आफू जानकार रहेको भन्दै उनले स्तरवृद्धि तथा आवश्यक तालिमहरू गर्न आफूले ल्याउने बजेटमा व्यवस्था गर्ने पनि बताए । ७१ प्रतिशत नसर्ने रोगका कारण मृत्यु हुने गरेको उल्लेख गर्दै मन्त्री पाठकले समुदायतहसम्म पुगेर रोगहरुको स्क्रिनिङ गरी औषधोपचार गर्नुपर्छ भनेर स्थानीय तह, वडा तहसम्म मिलेर काम गर्न तत्पर भएको सुनाए । डेंगुको प्रकोप बढिरहेको हुँदा जनचेतना बढाउनुपर्नेमा उनको जोड छ । अहिलेसम्म गण्डकीमा १४ हजार ८ सय ५८ संक्रमित भएकोमा ७ जनाको मृत्यु भइसकेको तथ्यांक प्रस्तुत पनि गरे । कार्यक्रमको अध्यक्षता अस्पताल व्यवस्थापन समितिका अध्यक्ष हरिजंग तामाङले गरेका थिए । लमजुङ अस्पताल २०३२ सालमा १५ शय्याको जिल्ला अस्पतालको रूपमा स्थापना भएकोमा सरकारले सञ्चालन गर्न नसकेपछि २०५८ मा समुदायलाई हस्तान्तरण गरिएको थियो । मानव विकास तथा सामुदायिक सेवा (एचडीसीएस) ले सरकारसंग सम्झौता गरी २०५८ साउन ५ देखि सञ्चालन गर्दै आएको थियो । सरकारले सञ्चालन गर्न नसकेपछि गैरसरकारी संस्थाले सञ्चालन गर्दै आएको जिल्ला अस्पताल लमजुङ २१ वर्षपछि दुई वर्ष अघि सरकारलाई नै हस्तान्तरण गरिएको हो ।

# वर्तमान सरकार ढल्ने सम्भावना छैन : डा कोइराला

**रासस**
काठमाडौं, ३ कार्तिक

नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले वर्तमान सरकार ढल्ने कुनै सम्भावना नरहेको बताउनुभएको छ । उहाँले सरकार ढल्छ कि भनेर सपना नदेख्न विपक्षी दलहरूलाई सुझाव दिनुभयो ।

मोरङका बेलबारीमा नेपाल भूतपूर्व सैनिक सङ्घ मोरङको प्रथम जिल्ला अधिवेशन समारोहलाई सम्बोधन गर्दै नेता कोइरालाले राजनीतिक स्थिरता, आर्थिक विकास र सुशासन कायम गर्ने लक्ष्यका साथ निर्माण भएको सरकार ढल्ने सम्भावना नरहेको स्पष्ट पार्नुभयो । आगामी निर्वाचनसम्म कांग्रेस र एमालेको गठबन्धनकै सरकार रहिरहने बताउँदै नेता कोइरालाले भन्नुभयो, "यो सरकार ढल्दैन, चल्छ, यद्यपी मन्त्रीहरूले इमान्दारीपूर्वक काम गर्नुपर्दछ । जनतालाई सरकार भएको अनुभूति दिनुपर्दछ ।" कोइरालाले राजनैतिक स्थिरता, आर्थिक विकास र सुशासनका लागि देशका सबैभन्दा ठूला दल कांग्रेस र एमालेको सरकार बनेको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "यो सरकार बनेको धेरै भएको छैन, त्यसैले काम गर्न दिनुपर्छ ।"

# असोजमा ...

पर्यटकको मात्र तथ्याङ्क राख्दै आएको छ । 'एक्याप' भित्र पर्ने अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, सिक्लेस, खुमै डाँडा, मनाङको तिलिचो ताल, थोरङ् भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ, म्याग्दीको घोडेपानीलगायत क्षेत्र पर्यटकको रोजाइमा पर्ने गरेको छ । दसैं, तिहार जस्ता ठूला पर्वका बिदा छोपेर नेपालीहरू पनि यही याममा बढी घुमफिरमा निस्कने गरेका छन् ।

ट्रेकिङ एसोसिएसन अफ नेपाल (टान) गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले दसैंलगत्तै पर्यटकीयस्थलहरूमा चहलपहल ह्वात्तै बढेको बताउनुभयो । सात हजार छ सय वर्गकिलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्र रोमाञ्चक र आनन्ददायक पदयात्राका लागि विश्वमै परिचित रहेको उहाँको भनाइ छ । प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, संस्कृति आदि कारणले देशविदेशका पर्यटकमाझ उक्त क्षेत्र लोकप्रिय छ । कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायत ठाउँबाट यस क्षेत्रको छोटो, मध्यम र लामो दूरीको पदयात्रा तय गर्न सकिन्छ । आकर्षक गन्तव्यस्थल, पर्यटनमैत्री पूर्वाधार, स्थानीयवासीको आतिथ्यता र सेवासुविधाका हिसाबले अन्नपूर्ण चक्रीय पदमार्ग घुमफिरका लागि उत्कृष्ट मानिन्छ । मुख्य पर्यटकीय याम (असोज-मङ्सिर) र (चैत-जेठ) मा अन्नपूर्ण क्षेत्रमा पर्यटकको घुइँचो नै लाग्ने गर्छ । अन्नपूर्ण संरक्षण क्षेत्रअन्तर्गत कास्कीको चर्चित पर्यटकीय गाउँ घान्द्रुकका होटलमा हिजोआज ७५ प्रतिशत पाहुना रहेको घान्द्रुक पर्यटन व्यवस्थापन समितिका अध्यक्ष विक्रम गुरुङले बताउनुभयो । "केही दिनयता पर्यटकको चहलपहल बढेको छ, व्यवसायीहरू पनि उत्साहित छन्", उहाँले भन्नुभयो । पर्यटन क्षेत्र कोभिड-१९ अघिकै अवस्थामा भने अझै नफर्केको उहाँको भनाइ छ । गत आवमा दुई लाख २२ हजार एक सय ८० विदेशी पर्यटक अन्नपूर्ण क्षेत्रमा भित्रिएका थिए । जसमध्ये एसियाली मुलुकका एक लाख १७ हजार आठ सय ४५ र अन्य मुलुकका एक लाख चार हजार दुई सय ५६ जना पर्यटक थिए ।


## सभ्य रुपमा चाडपर्व मनाऔं

◆ चाडपर्वमा तडक भडकसहितका खर्चिला कार्यक्रमहरू नगरौं ।
◆ चाडपर्वमा जुवातास नखेलौं र मद्यपान नगरौं ।
◆ संस्कृति र परम्परा जोगाऔं, चाडपर्वको मौलिक पक्षको संरक्षण गरौं ।
◆ सबैको चाडपर्व एवम् संस्कृतिको सम्मान गरौं ।
◆ चाडपर्व मनाउँदा सामाजिक सद्भाव कायम राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

आफूले कमाउनु भन्दा कम खर्च गर्ने गर ।
– पल क्लिथेरोई

## सम्पादकीय

# प्रविधिको प्रयोग

सवारी नियम उल्लङ्घन गरेबापत सवारी चालकले भोग्नुपरेको हैरानी कम गर्न ठाउँकाठाउँ नागरिक एपमार्फत जरिवाना तिर्न सक्ने व्यवस्था गरिएको छ । काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले आइतबारदेखि सवारी नियम उल्लङ्घन गर्ने चालकलाई 'ई–चलान' (डिजिटल चिट) दिने र तत्कालै नागरिक एपमार्फत जरिवाना तिर्न सक्ने प्रणाली कार्यान्वयनमा ल्याउन लागेको छ । उपत्यका ट्राफिक प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक भरतबहादुर बोहराले डिजिटल चिट दिने जानकारी दिएका छनानेपाल प्रहरी पनि प्रबिधि मैत्री बन्दै गएको छ ।

सवारी नियम उल्लङ्घनमा ट्राफिक प्रहरीले चिट काट्दा सम्बन्धित ठाउँमै 'डिजिटल पेमेन्ट' गर्ने व्यवस्था गरिएसँगै सवारी नियम उल्लङ्घनमा जरिवाना तिर्दा हुँदै आएको झन्झट अब अन्त्य हुने विश्वास गरिएको छ । सवारी चालक अनुमतिका लागि 'ट्रायल' पास गरेपछि लाइसेन्स कार्ड आवश्यक नपर्ने व्यवस्था गरिएको छ । यसबाट सवारी लाइसेन्स छपाइ नहुँदा परेको समस्या अन्त्य हुने विश्वास गरिएको छ ।

प्रहरी नायब महानिरीक्षक बोहराका अनुसार पहिलो चरणमा काठमाडौं, भक्तपुर र ललितपुर जिल्लामा डिजिटल चिट व्यवस्था कार्यान्वयनमा ल्याइनेछ । डिजिटल चिट काट्नका लागि ट्राफिक प्रहरीलाई छुट्टै डिभाइस उपलब्ध गराइएको छ । यो व्यवस्था कार्यान्वयनमा आएसँगै अब सवारी चालकले चालक अनुमतिपत्र बोक्नु नपर्ने र ट्राफिक प्रहरीलाई नागरिक एपमार्फत चालक अनुमतिपत्र देखाउन सक्नेछन् । नागरिक एपमा चालक अनुमतिपत्र रहेको क्युआर कोड देखाउने व्यवस्था गरिएको छ । नेपाल प्रहरी पनि प्रविधिको आवश्यक प प्रयोगमा सरकारका अन्य कार्यालय भन्दा कम छैन ।

ट्राफिक प्रहरीले 'इचलान डिजिटल' एपमार्फत सडक नियम उल्लङ्घन गर्ने चालकको मोबाइलमा देखिने उक्त क्युआर कोड स्क्यान गरेर कारबाहीको विवरण प्रविष्ट गर्नेछन् । लगत्तै नागरिक एपमा ट्राफिक नियम उल्लङ्घनकोमा कसुर र जरिवाना रकम सहितको 'डिजिटल चिट'को विवरण र जरिवाना भुक्तानी गर्ने माध्यम देखाउने व्यवस्था गरिएको छ । यसबाट सवारी चालकले तत्कालै 'डिजिटल वालेट'मार्फत जरिवाना रकम भुक्तानी गर्न सक्नेछन् । हरेक क्षेत्रले प्रविधिको प्रयोगले कम मानवीय पहुचतामा कमी भए पनि कामबाट बढी फाइदा लिनेहुँदा सबै चासो दिन आवश्यक छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : शारीरिक झमेला |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शत्रुको भय |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बड्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# महिलाद्वारा डेरी उद्योग सञ्चालन

**पोखरापत्र संवाददाता**
दमौली, ३ कार्तिक

तनहुँको देवघाट गाउँपालिका-५ स्थित चक्रवर्ती सामाजिक उद्यमी महिला सहकारी संस्थाले सञ्चालन गरेको डेरी उद्योगले डेरी पसल विस्तार गरेको छ। डेरी उद्योगमा सङ्कलन भएको दुग्धजन्य पदार्थ बिक्रीवितरणका लागि सोही वडाको टाउनचोकमा डेरी पसल सञ्चालनमा ल्याइएको हो ।

डेरीबाट उत्पादित दुग्धजन्य वस्तुहरु आफ्ना नियमित उपभोक्ता तथा सर्वसाधारणको सहजताका लागि टाउन चोकमा पसल सञ्चालन गरिएको सहकारीका व्यवस्थापक सङ्गीता ओझाले जानकारी दिनुभयो । सहकारीले सञ्चालन गरेको डेरीबाट उत्पादित दुग्धजन्य पदार्थहरु दूध, दही, घ्यु, पनिर, कुल्फी, आइसक्रिम र खुवा अबदेखि उक्त पसलबाट पनि बिक्री वितरण गरिने ओझाले बताउनुभयो । उहाँका अनुसार डेरी उद्योगमार्फत मासिक रु १० लाखको दुग्धजन्य उत्पादनको कारोबार हुँदै आएको छ । सहकारीलाई देवघाट गाउँपालिकाले दूधमा प्रोत्साहन रकम उपलब्ध गराएको छ भने उत्पादित वस्तुहरुको बजारीकरणमा हेफर इन्टरनेशनल नेपालले सहयोग गर्दै आएको छ । देवघाटका महिलाले सञ्चालन गरेको उक्त सहकारीले बचत तथा ऋणको कारोबारसँगै दूध सङ्कलन, दुग्धजन्य वस्तुको उत्पादन, डेरी सञ्चालन, पशुपानलन, तरकारीखेती तथा सामूहिक रुपमा नगदेबालीको खेतीजस्ता आयआर्जनको काममा सदस्यलाई आबद्ध गराउँदै आएको छ । उक्त सहकारीमा हाल दैनिक पाँच सय ७० लिटर दूध सङ्कलन हुँदै आएको छ । सङ्कलित दूधलाई आफ्नै भवनमा रहेको उद्योगबाट विभिन्न वस्तु बनाई बिक्री गर्दै आइरहेको सहकारीका अध्यक्ष तारादेवी पन्तले जानकारी दिनुभयो । उहाँका अनुसार दूधबाट दुग्धजन्य पदार्थ दूध, दही, घ्यु, पनिर, कुल्फी, आइसक्रिम र खुवालगायत उत्पादन हुँदै आएको छ । सहकारीमा हाल सात सय ९४ जना शेयर सदस्य रहेका छन् । सहकारीमा देवघाटको वडा नं १, ४ र ५ का महिला सदस्य छन् । शेयर सदस्यमध्ये अधिकांश पशुपालनमा संलग्न छन् । शेयर सदस्यहरुले उत्पादन गरेको दूध सहकारीले खरिदगरी दुग्धजन्य वस्तु उत्पादनगरी बिक्री गर्दै आइएको छ । उत्पादित दुग्धजन्य वस्तु चितवनको नारायणगढ, भरतपुर, मुग्लिङ, हेटौंडा, कावासोती, गैंडाकोटलगायत बजारमा डेरी पसलमार्फत बिक्री गर्दै आएको छ । अध्यक्ष पन्तले भन्नुभयो, "बचत सङ्कलन तथा ऋण लगानीमार्फत शेयर सदस्यलाई व्यवसायमा सघाउने तथा उनीहरुको आर्थिक अवस्था सुधार्ने सहकारीको उद्देश्य हो । पछिल्लो समय सहकारीका सदस्य मिलेर समूह बनाएर सामूहिक रुपमा अदुवा र बेसारखेती गरेका छन् ।"

# माओवादी पार्टीहरूबीच छिट्टै एकता हुन्छः अध्यक्ष दाहाल

**रासस**
काठमाडौं, ३ कार्तिक

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले छरिएर रहेका माओवादी पार्टीहरूबीचको एकता प्रक्रिया चाँडै टुङ्गोमा पुग्ने बताउनुभएको छ । चितवनको भरतपुर महानगरपालिका-१३ मा बेपत्ता योद्धा दण्डपाणि न्यौपाने स्मृति भवन निर्माणार्थ आयोजना गरिएको जनसांस्कृतिक कार्यक्रममा उहाँले हिजो एउटै 'स्कुलिङ'बाट आएका तर हाल विभक्त रहेका माओवादीहरू एकताबद्ध भएर जानुपर्नेमा जोड दिनुभयो ।

अध्यक्ष दाहालले सबै एकीकृत भएर मात्रै समाजवादी क्रान्तिको तयारीमा लाग्न सकिने उल्लेख गर्नुभयो । "शान्ति सम्झौतामा आउँदा गणतन्त्रमा जाने सहमति भए पनि त्यसलाई जनताको गणतन्त्र बनाउने वा अरूकै भन्ने विषयमा कुनै विन्दुमा पुगेर सङ्घर्ष हुन्छ भन्ने विश्लेषण गरिएको थियो । अहिले त्यो विन्दुमा पुगेका छौं । त्यसैले एकताबद्ध भएर अगाडि बढौं", उहाँले भन्नुभयो ।

अध्यक्ष प्रचण्डले पछिल्ला उपलब्धिको रक्षा गर्न आमजनतालाई एकताबद्ध गराउँदै समाजवादी क्रान्ति पूरा गर्ने गरी अगाडि बढ्नुको विकल्प नरहेको बताउनुभयो । उहाँले पछिल्लो पटक आफूले सरकारको नेतृत्व गर्दा सहिदको नामावली राजपत्रमा प्रकाशन, योद्धाहरूको स्मरणमा जनयुद्धलाई राष्ट्रिय दिवस घोषणा र शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउनेलगायत काम गरिएको उल्लेख गर्नुभयो । कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द विप्लवले माओवादी एकताबद्ध भए आगामी निर्वाचनमा पहिलो संविधानसभाको जस्तै अवस्था आउने बताउनुभयो । जनताको जीवन बदल्ने अभिभारा पूरा गर्न एकता आवश्यक रहेको धारणा राख्नुभयो ।


**पायोनियर्स हाइयर एजुकेसन एकेडमी**
**वालिङ, स्याङ्जा**

**CTEVT** द्वारा सम्बन्धन प्राप्त गरि संचालन भइरहेको यस **पायोनियर्स हाइयर एजुकेसन एकेडमी** मा शैक्षिक सत्र २०८१/०८२ को लागि **सामान्य चिकित्सा (HA)** कार्यक्रममा पूर्ण शुल्कीय कोटामा केही सिट रिक्त रहेकोले **SEE** उत्तीर्ण इच्छुक ब्यक्तिहरुले आगामी मिति २०८१/०७/०८ गतेभित्र आफ्ना शैक्षिक प्रमाणपत्रहरु सहित पुनः प्रवेस परीक्षा आबेदन फारम भर्नको लागि सूचित गरिन्छ ।

**प्रवेश परीक्षा मिति : २०८१/ कार्तिक १० गते शनिबार बिहान ८:00 बजे**

**प्रीन्सिपल**
**सम्पर्क नं.: ९८५६०३१७३०**


# आदर्श अर्घानिक कृषक समूहको साधारणसभा

**पोखरापत्र संवाददाता**
पोखरा, ३ कार्तिक



पोखरा महानगरपालिका वडानं १३ आर्वा स्थित, आदर्श अर्घानिक कृषक समूहको दशौं वार्षिक साधारणसभा शनिवार सम्पन्न भएको छ ।

साधारणसभाको उद्घाटन गर्दै वडानं१३ का वडाअध्यक्ष किरण बरालले कृषकहरुले उत्पादन गरेका हरेक कृषी उत्पादनको खरिद बिक्री वडान १३ कार्यालय हाताभित्र हाटबजार सञ्चालन गरि व्यवस्थापन गरिएको जानकारी दिए । उनले कृषकलाई उत्पादन गर्नुहोस्, बजारको जिम्मा वडाले लिने ग्यारेन्टी गराए । अध्यक्ष बरालले वडाले कृषक र कृषि उत्पादन गर्ने मेहनती कृषकलाई सधैं आवश्यक सहयोग गरिरहने प्रतिवद्धता व्यक्त गरे ।

कार्यक्रममा आदर्श अर्घानिक कृषक समूहका संस्थापक अध्यक्ष कृष्णप्रसाद सिग्देलले समुहले गरेका कामको प्रशंसा गर्दै धन्यवाद दिए । कृषी संजाल पोखरा १३ का अध्यक्ष नरेन्द्र अधिकारीले कृषकलाई कुषी अनुदान तथा नयाँ उत्पादनका विविध विषयमा आफु लागि परेको जानकारी दिए । पत्रकार तथा श्री मोहरपानी आदर्श टोल बिकास संस्थाका अध्यक्ष श्रीराम सिग्देलले कृषक समुहले कृषी तथा कृषी उत्पादनलाई जोड दिदै कृषी सहकारी संस्थाका रूपमा अगाडी बढ्न सुझाव दिए । युवा कृषि प्राविधिक रोशन बरालले कृषी उत्पादनका लागि बाँझो रहेका जमिनमा नयाँ उन्नत जातका फलफल तरकारी तथा बिभिन्न खाद्य बालीको उत्पादनमा लाग्न आग्रह गरे । कार्यक्रम समुहका अध्यक्ष शिब प्रसाद बरालको अध्यक्षतामा भएको थियो । सो अवसरमा अध्यक्ष बरालले आगामी वर्ष गर्ने कार्यक्रमहरु मध्ये एक घर एक मौरीघार, एक घर एक पोलिथिन ट्याङ्की, भकारो सुधार कार्यक्रम, उन्नत पशुपालनमा जोड दिने , सिंचाई का कार्यक्रम , उन्नत जातका तरकारी, हिउँदे बाली, हाते ट्याक्टर लगायतका कार्यक्रम प्रस्ताव गरेका थिए ।

प्रस्तावित कार्यक्रमहरु सभाबाट पारित भएको थियो । तेस्तै कार्यक्रममा कोषाध्यक्ष श्रीराम बरालले पेस गरेको आथिक प्रतिवेदन पनि पारित गरियो । सभामा उपाध्यक्ष सिता ढुङ्गाना सिग्देलले स्वागत तथा सचिव राजनकुमार सिग्देलले कार्यक्रम सञ्चालन गरेका थिए ।

# संकल्प सहकारीको वार्षिक साधारण सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ३ कार्तिक



संकल्प बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १५ औं वार्षिक साधारण सभा सम्पन्न भएको छ ।

पोखरा ७ मासबार कोलबारी मार्गमा रहेको डिज्नील्याण्ड एकेडेमीको प्रङ्गणमा उक्त सभा सम्पन्न भएको हो। सभाको उद्घाटन गर्दै पोखरा महानगरपालिका वडा नम्बर ७ का वडा अध्यक्ष राममोहन आचार्यले सहकारीका ७ सिद्धान्तबाट विचलित नभई अगाडि बढेकाले नै संकल्प सहकारी अहिलेको परिस्थितिमा आफूलाई जोखिमरहित भएको बताउनु भयो । शेयर सदस्यहरुले सहकारीबाटै कारोबार गरेर संस्थालाई मजवुत बनाउन लाग्नुपर्ने उहाँले सुझाव दिनुभयो । उहाँले पोखरा वडा नंम्बर ७ भित्रका सहकारीको अवस्था बुझ्न वडा कार्यलयले पनि अनुगमनलाई अगाडी बढाउने बताउनु भयो । महिला विकासका लागि आमा समुहका अध्यक्ष तुलसी बरालले सबै शेयर सदस्यहरुले बचत मात्र नभएर सहकारी मार्फत नै आफ्नो घरायसी एवम व्यवसायिक खर्च गर्ने हो भने मात्र मुनाफा वृद्विहुने बताउनु भयो ।

संस्थाका सल्लाहाकार सरोज नारायण बरालले शेयर सदस्य जति सक्रिय र चलायमान हुन्छन् उति नै मुनाफा हुने बताउदै संकल्प सहकारी सुस्त गतिमा सुरक्षित तवरले अगाडी बढ्को संस्था भएको बताउनु भयो । सभामा बचत तथा ऋणतर्फ उत्कृष्ट कारोबार गर्ने टिका कुमारी शर्मा र रामनाथ पौडेललाई सम्मान गरिएको थियो । संस्थाको कोषाध्यक्षको प्रतिवेदन हरिप्रसाद बराल र लेखा समितिको प्रतिवेदन सूर्यनाथ भट्टराईले प्रस्तुत गर्नुभयो । संस्थाका अध्यक्ष पीताम्बर बरालको अध्यक्षतामा सम्पन्न उक्त सभामा स्वागत उपाध्यक्ष सावित्री बराल, सहकारी सिद्धान्त वाचन सदस्य अञ्जु आचार्य र संचालन सचिव नरेशप्रसाद बरालले गर्न भएको थियो । संस्थामा हाल ८५ जना महिला र १३५ जना पुरुष गरि कुल २२० शेयर सदस्य रहेका छन् । संस्थाको कुल शेयर पुँजी २ करोड ८ लाख १ हजार ६ सय कायम रहेको छ ।

# अन्नपूर्ण प्रथम हिमालको आधार शिविर क्षेत्रमा आन्तरिक पर्यटकको भीड

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३ कार्तिक



यहाँको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङस्थित अन्नपूर्ण प्रथम हिमालको आधार शिविर क्षेत्रमा आन्तरिक पर्यटकको चहलपहल बढेको छ ।

दसैंको टीकापछिका पाँच दिनमा आठ सय बढी आन्तरिक पर्यटक त्यस क्षेत्रमा पुगेका मौरिस हर्जोग पदमार्गका अभियन्ता तेजबहादुर गुरुङले जानकारी दिनुभयो । अन्नपूर्ण-३ नारच्याङको हुमखोलाबाट उक्त पदमार्ग हुँदै दुई दिनको पैदलयात्रा पछि अन्नपूर्ण आधार शिविर पुग्न सकिन्छ ।

बिदा मनाउन निस्केका आन्तरिक पर्यटकले अन्नपूर्ण प्रथम हिमालको मुख्य आधार शिविर र आरोहण मार्गमा पर्यटकको भीड बढेको आधार शिविर पुगेर फर्किनुभएका आन्तरिक पर्यटक सुशान्त पौडेलले बताउनुभयो । केही वर्षअगाडिसम्म आधार क्षेत्र सुनसान थियो । यहाँ पदमार्गका लागि विभिन्न पर्यटकीय पूर्वाधार निर्माण, आधार शिविर तथा पञ्चकुण्ड तालसहित पदमार्गमा रहेको फुतफुते ताल, गुफा, झरनासहितका सुन्दर दृश्यका कारण चहलपहल बढेको हो ।

गत वर्षको भन्दा यस वर्ष अन्नपूर्ण आधार शिविरको भ्रमण गर्ने पर्यटकको सङ्ख्यामा छ गुणाले वृद्धि भएको बताइएको छ । भारतीय, चिनियाँ, ताइवानी र इटालियन पर्यटकको सङ्ख्या पनि गत वर्षभन्दा वृद्धि भएकामा स्थानीय होटल व्यवसायी उत्साहित छन् । पर्यटकको सङ्ख्या वृद्धि भएसँगै आधार शिविरमा फोहर बढेको छभने शौचालयसहितका अन्य संरचनामा सम्बन्धित निकायको ध्यान नपुगेको पर्यटकले गुनासो गरेका छन् । अन्नपूर्ण गाउँपालिकाको केन्द्र पोखरेबगरबाट २२ किलोमिटरसम्म सवारीसाधनको यात्रा गरी होमखोलासम्म पुगेपछि त्यहाँबाट २१ किलोमिटरको पदैलयात्राबाट आधार शिविर क्षेत्र पुग्न सकिन्छ ।

